केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०२/०६९/७० मितिः २०६९/०४/३२

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

आर्थिक वर्ष २०६९।७० को मौद्रिक नीतिमा उल्लेख भएका निम्न लिखित व्यवस्थाका सम्बन्धमा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको लागि देहाय बमोजिमको नीतिगत व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. **बैंकदर सम्बन्धमाः**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलव्ध गराईने कर्जाको व्याजदर (बैंकदर) ८.० प्रतिशत कायम गरिएको छ ।

२. **स्थायी तरलता सुविधा (SLF) सम्बन्धमा**

यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. २२ को बुँदा नं. ८ मा उल्लिखित व्यवस्थालाई संशोधन गरी देहायको व्यवस्था कायम गरिएको छः-

*"यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाको आ-आफ्नो स्वामित्वमा रहेको नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्रको धितोमा त्यस्ता ऋणपत्रहरूको अंकित मूल्यको ९० प्रतिशतसम्मले हुन आउने रकम प्रचलित बैंकदरमा अल्पकालीन स्थायी तरलता सुविधा (कर्जा) यस बैंकले उपलव्ध गराउन सक्ने छ ।"*

३. **अन्तिम ऋणदाता सुविधा सम्बन्धमा**

यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. २२ को बुँदा नं. १५ मा उल्लिखित व्यवस्थालाई संशोधन गरी देहायको व्यवस्था कायम गरिएको छः-

*"अन्तरबैंक र खुला बजार तथा स्थायी तरलता सुविधाबाट आवश्यक तरलता आपूर्ति हुन नसकेको अवस्थामा यस बैंकमा खाता रहेका बैंक तथा वित्तीय संस्थालाई बढीमा ६ महिनाको लागि प्रचलित बैंकदरमा अन्तिम ऋणदाता सुविधा दिइने छ । यस बैंकमा अनिवार्य मौज्दात कायम गर्नको लागि राखेको नगद मौज्दात, नेपाल सरकारको सुरक्षणपत्र वा असल कर्जाको धितोमा यस्तो सुविधा प्रदान गरिने छ ।"*

४. **विपन्न वर्ग कर्जा सम्बन्धमा**

यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. १७ को बुँदा नं. १ मा उल्लिखित पहिलो अनुच्छेदको व्यवस्थालाई संशोधन गरी देहायको व्यवस्था कायम गरिएको छः-

*"इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो कुल कर्जा सापट (बिल्स खरदि तथा डिस्काउण्ट समेत) को क्रमशः न्यूनतम ४.० प्रतिशत, ३.५ प्रतिशत र ३.० प्रतिशत विपन्न वर्गमा कर्जा प्रवाह गर्नु पर्नेछ । यसरी विपन्न वर्ग कर्जा अन्तर्गत प्रवाह गर्नु पर्ने न्यूनतम कर्जा अनुपातमा वृद्धि हुन गएको ०.५० प्रतिशत विन्दुमध्ये २०६९ पौष मसान्तभित्र ०.२५ प्रतिशत र २०७० आषाढ मसान्तभित्र ०.२५ प्रतिशत विन्दुले वृद्धि गरी तोकिएको अनुपात कायम गर्नुपर्ने छ ।"*

५. **अनिवार्य मौज्दात सम्बन्धमा**

यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. १३ को बुँदा नं. १ बमोजिम कायम गर्नुपर्ने अनिवार्य मौज्दात सम्बन्धी व्यवस्था अन्तर्गत अन्य व्यवस्था यथावत राखी उपबुँदा नं. (१) र उप बुँदा नं. (३) लाई मिति २०६९ भाद्र ३ गतेदेखि लागू हुने गरी देहाय बमोजिम संशोधन गरिएको छः-

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३


*(१) यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका संस्थाले कूल निक्षेप दायित्वको ६.० प्रतिशत, "ख" वर्गका विकास बैंकले ५.५ प्रतिशत र "ग" वर्गका वित्त कम्पनीले ५.० प्रतिशत अनिवार्य मौज्दात वापत यस बैंकमा राख्नु पर्नेछ ।*

*तर, चल्ती र कल खाता बाहेकका अन्य निक्षेप मात्र संकलन गर्ने "ख" वर्ग, "ग" वर्ग र सर्वसाधारणको समेत निक्षेप संकलन गरी खुद्रा लघु बैंकिंग गर्ने "घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाले कूल निक्षेप दायित्वको दुई प्रतिशत अनिवार्य मौज्दात राख्नु पर्नेछ ।*

*(३) उपबुँदा (१) बमोजिम राख्नु पर्ने मौज्दात नपुग भएको अवस्थामा देहाय वमोजिम जरिवाना लगाइने छ :-*

*(क) पहिलो पटक अनिवार्य मौज्दात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले ।*

*(ख) दोस्रो पटक अनिवार्य मौज्दात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंक दरको डेढी प्रतिशतले ।*

*(ग) तेस्रो पटक र सो भन्दा पछि जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको दोव्वर प्रतिशतले ।*

साथै, सोही निर्देशनको बुँदा नं. ४ मा उल्लिखित *"यसमध्ये "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले ५.५ प्रतिशत र चल्ती र कल निक्षेप स्वीकार नगर्ने वित्तीय संस्थाहरु ("ख", "ग" र सर्वसाधारणबाट समेत निक्षेप परिचालन गर्ने "घ" वर्गका) ले २ प्रतिशत अनिवार्य मौज्दात अनुपात कायम गर्नु पर्नेछ ।"* भन्ने व्यहोरालाई संशोधन गरी देहाय बमोजिमको व्यहोरा कायम गरिएको छः

*"इजाजतपत्रप्राप्त संस्थाले कायम गर्नुपर्ने वैधानिक तरलता अनुपात मध्ये बुँदा नं. १ को उपबुँदा (१) मा तोकिए बमोजिमको अनिवार्य मौज्दात अनुपात कायम गरेको हुनु पर्नेछ ।"*

६. **रिपो र रिभर्स रिपो बोलकबोल अवधि सम्बन्धमा**

खुला बजार कारोबार अन्तर्गत रिपो र रिभर्स रिपो बोलकबोलको अधिकतम अवधि २८ दिन कायम गरिएको छ ।

७. **अन्तरबैंक कारोवार सम्बन्धमा**

अन्तरबैंक कारोवार/सापटी/लगानी सम्बन्धमा यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. २ को बुँदा नं. १९ मा उल्लिखित व्यहोराको सट्टा २०६९ कार्तिक १ गतेदेखि लागू हुने गरी देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको छः

*"यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैक तथा वित्तीय संस्थाहरुले एकआपसमा प्रदान गर्ने सापटीलाई नियमित कर्जा सापट (Regular Credit Facility) को रुपमा नभई अन्तरबैंक कारोवार/सापटी (Interbank Transactions/Borrowings) को रुपमा मात्र प्रयोग गर्न पाइनेछ । अन्तरबैंक सापटीको अवधि बढीमा ७ दिनसम्म मात्र हुनेछ ।"*

८. **कृषि क्षेत्र सम्बन्धमा**

यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. ३ को बुँदा नं. १२ को उपबुँदा (ख) को स्पष्टिकरणमा उल्लिखित *"स्पष्टिकरणः (१) 'कृषि क्षेत्र' भन्नाले यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. १ र २ बमोजिमको क्षेत्रहरु जनाउने छ । (२) 'उर्जा क्षेत्र' भन्नाले यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. ७.१ बमोजिमको क्षेत्रहरुलाई मात्र जनाउने छ ।"* भन्ने व्यवस्थालाई संशोधन गरी देहायको व्यवस्था कायम गरिएको छः-

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*"स्पष्टिकरण: (१) 'कृषि क्षेत्र' भन्नाले (क) यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. १ र २ बमोजिमका क्षेत्रहरु, (ख) कृषि औजार, (ग) मल, (घ) विउ-विजन, (ङ) पशुपंक्षी-दाना, (च) कृषि उत्पादन भण्डारण र (छ) चिया, कफि, अदुवा र फलफुल प्रशोधन तथा आन्तरिक कृषि उपजको प्राथमिक रुपमा हुने प्रशोधनलाई जनाउने छ ।*

*(२) 'उर्जा क्षेत्र' भन्नाले यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. ७.१ बमोजिमको क्षेत्रहरुलाई मात्र जनाउने छ ।*

*(३) यस खण्डको प्रयोजनको लागि कृषि तथा उर्जा क्षेत्रमा भएको लगानी रकम तथा प्रतिशत सहितको यसै साथ संलग्न निर्देशन फा. नं. ३.३ बमोजिमको मासिक विवरण बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नुपर्ने छ ।"*

९. **ICAP मार्गदर्शन सम्बन्धमा**

यस बैंकबाट जारी Capital Adequacy Framework 2007 बमोजिम बाणिज्य बैंकहरुले पहिचान गरेका जोखिमका अतिरिक्त बैंक अनुसारको अन्तरनिहित अन्य जोखिमहरु समेत पहिचान गरी सो अनुरुपको पूँजीकोष कायम गर्न यसै साथ संलग्न Internal Capital Adequacy Assesment Process (ICAAP) Guidelines जारी गरिएको छ । उक्त मार्गदर्शन बमोजिम वाणिज्य बैंकहरुले ICAAP Policy तयार गरी २०६९ पौष मसान्त भित्र यस बैंकको बैंक सुपरिवेक्षण विभागमा पेश गरिसक्नु पर्ने छ ।

१०. **IT मार्गदर्शन सम्बन्धमा**

सूचना प्रविधिबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्ने व्यवस्थालाई बढी प्रभावकारी बनाई सोको निरीक्षण तथा सुपरिवेक्षणलाई व्यवस्थित गर्न यसैसाथ संलग्न Information Technology Guidelines जारी गरिएको छ ।

११. **ऋणीले स्थायी लेखा नं. लिएको हुनुपर्ने सम्बन्धमा**

बैंक तथा वित्तीय संस्थाहरुले छुट्टा छुट्टै वा एकमुष्ट गरी रु. १ करोड वा सो भन्दा बढी रकमको कर्जा कुनै व्यक्तिलाई प्रवाह गर्नु परेमा त्यस्तो व्यक्तिले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) लिएको हुनुपर्ने छ ।

१२. **"घ" वर्गको संस्थाको लागि कर्जा सीमा सम्बन्धमा**

यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. ३ को बुँदा नं. १ को उपबुँदा (२) मा उल्लिखित व्यवस्थालाई संशोधन गरी देहायको व्यवस्था कायम गरिएको छ । साथै, सोही निर्देशनको निर्देशन नं. १७ को बुँदा नं. ११ मा भएको व्यवस्थालाई हटाई देहाय बमोजिमको खण्ड (ग) कायम गरिएको छ:-

***"(२)"घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाको लागि***

*(क) विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामुहिक जमानीमा लघु उद्यम वा व्यवसाय संचालन गर्न प्रति समूह सदस्य क्रमश: वृद्धि गरी बढीमा एक लाख रुपैयासम्म र नवीकरणीय ऊर्जा प्रविधि अन्तर्गत Solar Home Systems र/वा Bio-gas प्रयोजनको लागि प्रति परिवार बढीमा साठ्ठीहजार रुपैयाँसम्म लघुकर्जा उपलब्ध गराउन सकिने छ ।*

*(ख) विपन्न तथा न्यून आय भएका व्यक्तिलाई स्वीकारयोग्य धितो लिई लघु उद्यम वा व्यवसाय संचालन गर्न प्रति समूह सदस्य क्रमश: बृद्धि गरी बढीमा रु. तीन लाख रुपैयासम्म लघुकर्जा उपलब्ध गराउन सकिने छ ।*

*(ग) समूहमा आवद्ध नभएका विपन्न तथा न्यून आय भएका व्यक्तिलाई पर्याप्त धितो लिई बढीमा रु.साठी हजारसम्मको लघुकर्जा प्रदान गर्न सकिने छ ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*(घ) धितो लिई प्रवाह गरिने सबै किसिमको कर्जा कुल कर्जाको बढीमा एक तिहाई भन्दा बढी हुन हुने छैन ।*

*(ङ) थोक कारोवार गर्ने इजाजतपत्रप्राप्त "घ" वर्गको संस्थाले एउटै ग्राहक, फर्म, कम्पनी, संस्था वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई प्रदान गरिने कर्जाको सीमा प्राथमिक पुँजीको बढीमा २५ प्रतिशत कायम गरिएको छ ।*

*(च) लघु वित्तीय संस्थाहरुले लघुकर्जा प्रवाह गर्दा समूहमा आवद्ध गराउने व्यवस्थालाई प्राथमिकता दिने गरी कार्यविधि तयार गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनु पर्ने छ ।"*

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।